# इनरुवा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
इनरुवा, सुनसरी

**Inaruwa Municipality Office**

Inaruwa, Sunsari

प.सं. : ०७५।०७६
च.नं. : १४६२

मिति : २०७५।११।१९

**विषय : प्रस्ताव पेश गर्ने सम्बन्धमा ।**

श्री सबै सामुदायिक विद्यालयहरु
इनरुवा नगरपालिका, सुनसरी ।

प्रस्तुत विषयमा चालु आ.व.२०७५।०७६ को स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यक्रमहरु संचालन गर्न चाहने विद्यालयहरुबाट आवस्यक कागजात सहित मिति २०७५।११।३० गते भित्र प्रस्ताव पेश गर्नु अनुरोध छ ।

कार्यक्रमहरु

| क्र सं. | कार्यक्रमहरु | संख्या | कैफियत |
|---|---|---|---|
| १ | *माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन(फिक्सीङ, किताव खरिद, तथा इ पुस्तकालय समेत)* | १ | |
| २ | *शिक्षण सिकाइमा सुचना प्रविधि को प्रयोग( कम्प्यूटर, इन्टरनेट, कनेक्टिभिटी इक्यूपमेन्टस तथा सामग्री खरिद) का लागि अनुदान* | १ | |
| ३ | *माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान* | १ | |
| ४ | *पानी तथा स्वास्थ्य र सरसफाई सुविधा सहितको शौचालय निर्माण* | २ | |
| ५ | *नयाँ २ कोठे भवन* फर्निचर सहित | २ | |
| ६ | गणित विज्ञान र अङ्गेजी विषयका लागि क्रियाकलापमा आधारित सामाग्री अनुदान | १ | |

१.वि.व्य.स.को वैठक निर्णय प्रतिलिपि सहित प्रस्ताव पेश गर्नु पर्ने ।
२.विद्यालयको नाममा कुनै पनि बेरुजु नभएको हुनु पर्ने छ ।
३.पुस्तकालय स्थापना व्यवस्थापन अनुदान प्रप्त गर्ने विद्यालयले पाठ्यपुस्तक,पाठ्यक्रम, शिक्षक निर्देशिका,सन्दर्भ सामग्री ताथा लाइव्रेरीका लागि फर्निचरहरु लगायतका सामग्रीहरु सार्वजनिक खरिद ऐन अनुसार खर्च गर्नु पर्ने छ ।
४.विद्यालयले खरिद गरेका पुस्तकहरुको सूचि अनिवार्य रुपमा नगरपालिका शिक्षा शाखामा पेश गर्नु पर्ने छ ।
५.दैनिक पठन पाठन सँग असम्वन्धित र असान्दर्भिक पुस्तक तथा सामग्री खरिद गर्न पाइने छैन ।
६ शिक्षण सिकाइमा ICT को प्रयोगका लागि इनटरनेटको पहुँच तथा नियमित विद्युत आपुर्ति भएको प्रतिवद्धता हुनु पर्ने छ ।
७ विद्यालयले माध्यमिक तहमा अग्रेजी,गणित,विज्ञान विषय पढाइ रहेका शिक्षकको ICT का माध्यमबाट शिक्षण गर्न सक्ने क्षमता र तत्परता खुल्ने विवरण सहितको प्रस्ताव पेश गर्नु पर्ने छ ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

# इनरुवा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
इनरुवा, सुनसरी
## Inaruwa Municipality Office
Inaruwa, Sunsari

८. विद्यालयले अंग्रेजी,गणित,विज्ञान विषय kits र networking internet आदि व्यवस्थापन गर्दा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट निर्धारण गरिएको Specification का आधारमा ICT ल्याव व्यवसथापनका लागि आवस्यक फर्निचर,कम्प्युटर,उपकरण, सफ्वयर,विद्युतिय श्रव्य दृश्य सिकाइ सामग्री व्यवस्था गर्नु पर्ने छ ।

९.विद्यालयले नमूना माध्यमिक विद्यालय मापदण्ड निर्देशिका २०७४ सम्बन्धित खण्ड र अनुसूचिमा भएको आधार र स्पेसिफिकेशनको परिधि भित्र रही सार्वजनिक खरिद ऐन नियमावली ताथा विद्यालय खरिद दिग्दर्शन अनुसार प्रक्रिया पूरा गरी सामग्री खरिद गर्नु पर्ने छ ।

१०.विज्ञान प्रयोगशाला अनुदान प्राप्त गर्ने विद्यालयले शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तोकेको मापदण्डका आधारमा विज्ञान प्रयोगशाला स्थापना गर्नु पर्ने छ ।

११. आधारभूत तह कक्षा ६–८ का लागि पाठ्यक्रम विकास केन्द्रबाट विकास एवं स्वीकृत भएका गणित , विज्ञान र अंग्रेजी विषयका सामग्रीहरु व्यवस्थापन गरी विद्यालयले विद्यार्थीको शिक्षाण सिकांइ क्रियाकलापमा सहजीकरण गर्ने व्यवस्था मिलाउने ।

१२. विद्यालयले शौचालय निर्माण गर्दा छात्रछात्रालाई छुट्टाछुट्टै निर्माण गर्नु पर्ने छ वा प्रवेशद्वार विपरित दिशाबाट राख्नु पर्नेछ । शौचालयको सरसफाइका लागि प्रसस्त पानीको व्यवस्था हुनु पर्नेछ ।

१३ शौचालयको ड्रइङ्ग डिजाइन शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट स्वीकृत भए अनुसार हुनु पर्नेछ ।

१४ नयाँ २ कोठे भवन (फर्निचर सहित) निर्माण गर्दा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकाशित भएको कार्यक्रम कार्यन्वयन पुस्तिका २०७५।०७६ मा व्यवस्था भए बमोजिम हुने ।

१५. जुन कार्यक्रमको प्रस्ताव पेश गर्ने हो सो कार्यक्रम यस अधि विद्यालयका प्राप्त नभएको हुनु पर्ने छ ।

टुवराज पोखेल
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner